मिति २०८०/०३/३० गतेको गाउँ कार्यपालिकाको १८ औं बैठकमा पेश भएका प्रस्तावहरु:

| क्र. सं. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | पेश गर्ने विषयगत समिति /शाखा |
|---|---|---|---|
| १. | भू-उपयोग योजना २०८० सम्बन्धमा । | यस भगवतीमाई गाउँपालिकाको भू-उपयोग योजना २०८० छलफल तथा स्वीकृत गर्ने । | आर्थिक विकास समिति |
| २. | क्रमागत योजना र दायित्व भुक्तानी सम्बन्धमा । | चालु आ.व. २०७९/०८० मा सम्झौता भई निर्माण कार्य पुरा हुन नसकेका आयोजनाहरु क्रमागत गर्न र कार्य सम्पन्न भई भुक्तानी गर्न छुटेका योजना तथा कार्यक्रमको दायित्व भुक्तानी गर्न बजेट प्रस्ताव गाउँसभामा पेश गर्ने । | प्रमुख प्रशासकीय अधिकृत |
| ३. | विपद् पूर्व तयारी प्रतिकार्य योजना स्वीकृत गर्ने सम्बन्धमा । | यस भगवतीमाई गाउँपालिका विपद् पूर्व तयारी प्रतिकार्य योजना २०८० स्वीकृत गर्ने । | वातावरण तथा विपद् व्यवस्थापन |
| ४. | प्रधानमन्त्री रोजगार कार्यक्रमका आयोजना छनौट सम्बन्धमा । | यस भगवतीमाई गाउँपालिका अन्तर्गत आगामी आ.व. २०८०/०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रमका आयोजना छनौट गर्ने। | |
| ५. | स्थानीय दररेट स्वीकृत सम्बन्धमा । | यस भगवतीमाई गाउँपालिका अन्तर्गत आगामी आ.व. २०८०/०८१ मा सञ्चालन गरिने सार्वजनिक निर्माण कार्यको लागि आवश्यक स्थानीय दररेट स्वीकृत गर्ने । | |
| ६. | नीतिगत निर्णयहरु सिफारिस सम्बन्धमा । | भगवतीमाई गाउँपालिकाले आगामी आ.व. २०८०/०८१ अवलम्वन गर्नुपर्ने नीति तथा कार्यक्रमहरु सम्बन्धमा आवश्यक नीतिगत निर्णयको लागि गाउँसभामा पेश गर्ने । | |

मिति २०८०/०३/३० गतेको गाउँ कार्यपालिकाको १८ औं बैठकबाट भएका निर्णयहरु:

१. यस भगवतीमाई गाउँपालिकाको भू-उपयोग योजना २०८० व्यापक छलफल गरि स्वीकृत गर्ने निर्णय गरियो।

२. चालु आ.व. २०७९/०८० मा सम्झौता भई निर्माण कार्य पुरा हुन नसकेका आयोजनाहरु आगामी आ.व. २०८०/०८१ मा क्रमागत गर्न र कार्य सम्पन्न भई भुक्तानी गर्न छुटेका योजना तथा कार्यक्रमको दायित्व भुक्तानी गर्न गाउँसभा प्रस्ताव पेश गर्ने ।

३. यस भगवतीमाई गाउँपालिका विपद् पूर्व तयारी प्रतिकार्य योजना, २०८० स्वीकृत गर्ने ।

४. यस भगवतीमाई गाउँपालिका अन्तर्गत आगामी आ.व. २०८०/०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिमका आयोजना छनौट गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | आयोजनाको नाम | स्थान | अनुमानित बजेट | कैफियत |
|---|---|---|---|---|
| १. | वावियातडा जुजाखोला वडाखेत ग्रामीण सडक निर्माण | वडा नं. १ | ८०००००। | |
| २. | सान्तडा पुल-गेरुखानी रातामाटा-गोर्खे गोरेटो बाटो निर्माण | वडा नं. २ | ८०००००। | |
| ३. | लिस्नी बुढीचौर बाटुलीचौर गोरेटो बाटो निर्माण | वडा नं. ३ | ९९५०००। | |
| ४. | | वडा नं. ४ | ८०००००। | |
| ५. | दाडिम-वडा कार्यालय-थुवाँ गोरेटो बाटो निर्माण | वडा नं. ५ | ६९५०००। | |
| ६. | वडा कार्यालय-नाउलीकान्ला गोरेटो बाटो निर्माण | वडा नं. ६ | ६९५०००। | |
| ७. | वडाखोला-शिखरद्धारी मन्दिर गोरेटो बाटो निर्माण | वडा नं. ७ | ६९५०००। | |

५. यस भगवतीमाई गाउँपालिका अन्तर्गत आगामी आ.व. २०८०/०८१ मा सञ्चालन गरिने सार्वजनिक निर्माण कार्यको लागि आवश्यक निर्माण सामग्री तथा ज्याला सम्बन्धी स्थानीय दररेटहरु स्थानीय दररेट निर्धारण समितिबाट सिफारिस भए बमोजिम स्वीकृत गर्ने ।

६. भगवतीमाई गाउँपालिकाले आगामी आ.व. २०८०/०८१ अवलम्वन गर्नुपर्ने नीति तथा कार्यक्रमहरु सम्बन्धमा आवश्यक नीतिगत निर्णयको लागि गाउँसभामा पेश गर्ने ।